प्रतिदिन १७औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

## आफ्नै सूचना

माघ १ गते माघे संक्रान्ति पर्वको अवसरमा हाम्रा सम्पूर्ण पाठक , विज्ञापनदाता र शुभचिन्तकहरुमा सुस्वास्थ्य एवं दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै माघ १ गते कार्यालय बन्द रहने भएकाले माघ २ गते पत्रिका प्रकाशित नहुने व्यहोरा अवगत गराउँदछौं – सम्पादक

वर्ष–१७ ।। अङ्क : ३१३ ॥ २०८२ माघ ०१ गते बिहिबार (15th Jan 2026 Thursday) **Pratidin** National Daily मूल्य–रु.५/–

# देउवाकै कारण कांग्रेसमा तेस्रो ठूलो विभाजन

झापा, पुष ३० । हठी र जिद्धि स्वभावका पार्टी सभापति शेरबहादुर देउवाकै कारण नेपाली कांग्रेसमा तेस्रो ठूलो विभाजन भएको छ । आफू सुध्रिनु र सच्चिनुको साटो विशेष महाधिवेशनको नेतृत्व गरेका महामन्त्री र सहमहामन्त्रीलाई कारबाही गरेर उनी इतिहासकै कलंकित नेता ठहरिएका छन् ।
महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको नेतृत्वमा भृकुटीमण्डपमा २७ पुषदेखि जारी विशेष महाधिवेशनकै क्रममा देउवा पक्षको केन्द्रीय समितिले महामन्त्रीद्वयसहित सहमहामन्त्री फरमुल्लाह मन्सुरलाई पनि कारबाही गरेको छ । उनीहरूलाई साधारण सदस्य समेत नरहने गरी निष्कासन गरिएको हो ।
यद्यपि, भृकुटीमण्डपमा जारी विशेष महाधिवेशनबाट कारबाहीलाई खारेज गरिएको घोषणा गरिएको छ । महामन्त्री थापाले विशेष महाधिवेशनले केन्द्रीय कार्यसमितिलाई खारेज गरिसकेको बताए । उनले आफूहरूकै कांग्रेस नै आधिकारिक रहेको बताए ।
नेपाली कांग्रेसको इतिहासमा यो तेस्रो ठूलो विभाजन हो । तीनमध्ये दुई वटा विभाजनका मुख्य पात्र देउवा देखिएका छन् । २०५९ मा आफैंले बोलाएको भेलालाई महाधिवेशनमा परिणत गरेर उनले कांग्रेस विभाजन गरेका थिए । यसपटक भने विशेष महाधिवेशनको नेतृत्व गरेका महामन्त्री र सहमहामन्त्रीलाई कारबाही गरेर विभाजनलाई व्यवहारमा उतारेका हुन् ।
कांग्रेसको आठ दशक लामो इतिहासमा साना विभाजन थुप्रै भएका छन् । कैयौं व्यक्तिगत रुपमा भएका तथा साना विभाजनले पार्टीलाई खासै क्षति पुऱ्याएनन् । तर गहिरो प्रभाव पार्ने गरी भने तीन वटा ठूला विभाजन भएका छन् ।२०५८ साउन ७ गते दोस्रो पटक प्रधानमन्त्री नियुक्त भएका थिए देउवा । सोही सरकारले लगाएको संकटकालको म्याद २०५९ जेठ ११ सम्म कायम थियो । संकटकालको म्याद थप्ने वा नथप्ने विषयले विवाद निम्तिएको थियो । प्रतिनिधि सभाबाट अनुमोदन गर्न प्रतिपक्षी एमालेले त साथ नदिने भयो नै, कांग्रेसभित्र पनि एकमत भएन ।
यसैबीच, सरकारले संकटकालको म्याद ६ महिना थप्ने प्रस्ताव जेठ ३ गते संसद् सचिवालयमा दर्ता गरायो । त्यसपछि पार्टीभित्र असमझदारी सुरु भयो । जेठ ७ गते महामन्त्री सुशील कोइरालाको हस्ताक्षरमा प्रधानमन्त्री देउवालाई २४ घण्टे स्पष्टीकरण सोधियो, 'पार्टीलाई बेवास्ता र अवमूल्यन गर्ने यस्ता क्रियाकलापबाट प्रजातान्त्रिक दलीय पद्धतिका न्यूनतम मूल्य, मान्यता,



संस्कृति र परम्परा समेतको अपहेलना भएको छ भनी किन नभन्ने ?' देउवाले जेठ ८ गते पार्टी निर्णयभन्दा बाहिर गएर कुनै पनि निर्णय नगरेको भन्दै जवाफ फर्काए ।
जेठ ८ गते नै केन्द्रीय कार्यसमितिको बैठकले सरकारले संसद्मा दर्ता गराएको प्रस्ताव फिर्ता लिन निर्देशन दियो । त्यसै दिन बसेको संसदीय दलको बैठकमा पनि देउवाको आलोचना भयो । त्यसै दिन बेलुका राजदरबार पुगेका देउवाले प्रतिनिधिसभा नै विघटनको सिफारिस गरे । राजाले पनि तत्कालै विघटन कार्यान्वयन गरिदिए र मध्यावधि तोकिदिए । देउवाको यस्तो कदमबाट आक्रोशित सभापति गिरिजाप्रसाद कोइरालाले मन्त्रिपरिषद्मा रहेका पार्टीका सम्पूर्ण सदस्यहरुलाई तीन दिनभित्र राजीनामा गर्न आह्वान गरे । कसैले राजीनामा दिए, कोही देउवाकै साथमा उभिए ।

यता केन्द्रीय अनुशासन समितिले जेठ ९ मै प्रधानमन्त्री देउवालाई तत्काल पार्टीको साधारण सदस्यबाट निलम्बित गरी उनलाई तीनदिने स्पष्टीकरण पत्र पठायो । देउवाले जेठ ११ गते अनुशासन समितिमा जवाफ फर्काए । तर, जेठ १२ गते नै अनुशासन समितिले देउवाले 'पेस गरेको स्पष्टीकरण मनासिव नभएको एवं पार्टीलाई कुनै जानकारी नै नदिई प्रतिनिधि सभा समेत विघटन गरेको कुरा दलीय पद्धतिको सिद्धान्तविपरीत देखिएको तथा पार्टीको उद्देश्य, नीति, आचारसंहिता एवं विधानको गम्भीर रुपमा उल्लंघन भएको ठहर गर्दै' उनलाई तीन वर्षका लागि पार्टीको साधारण सदस्यबाट समेत निष्कासन गऱ्यो । देउवाले कारबाही फिर्ता लिन आग्रह गर्दै केन्द्रीय कार्यसमितिमा पुनरावेदन समेत हाले । तर सुनुवाइ भएन ।
यसैबीच देउवाले असार २ गते आफू पक्षका महाधिवेशन प्रतिनिधिको भेला बोलाए । कोइरालालाई दबाब दिनका लागि बोलाइएको भेलालाई नै उनले महाधिवेशनको रूप दिए । असार ४ गते कोइरालालाई सभापतिबाट हटाए । असार ५ मा विभाजित पार्टीको सभापतिमा शेरबहादुर देउवा चयन भए । यसरी कांग्रेस विभाजित भयो । पछि कोइराला पक्षले नै आधिकारिता पायो र देउवाको पार्टी नेपाली कांग्रेस प्रजातान्त्रिक हुन पुग्यो । यो पार्टी पछि कांग्रेसमै मिल्न आइपुग्यो ।
तेस्रो विभाजन २३ र २४ भदौ २०८२ को जेन-जी आन्दोलनसँग जोडिन्छ । आन्दोलनले राजनीतिमा नीतिगत र नेतृत्वगत परिवर्तन खोजेको भन्दै कांग्रेसमा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले आवाज बलियो बनाएका थिए । सोही क्रममा कांग्रेसमा विशेष महाधिवेशनका लागि हस्ताक्षर संकलन भएको थियो । २९ असोजमा विशेष महाधिवेशनको माग गर्दै ५४ प्रतिशतको हस्ताक्षर पेश पनि भएको थियो ।
यसैबीच १५ मंसिरमा कांग्रेस केन्द्रीय कार्यसमितिले पुष २६-२९ का लागि नियमित महाधिवेशनको मिति तोकेको थियो । तर देउवा पक्षधर नेताहरूले महाधिवेशनको विपक्षमा पनि धारणा राखिरहेका थिए । महाधिवेशनको कार्यतालिका अनुसारका काम अघि नबढेपछि महामन्त्रीद्वय थापा र शर्माले विशेष महाधिवेशन आह्वान गरेका थिए ।
२७ पुषदेखि जारी विशेष महाधिवेशन ५६ प्रतिशत प्रतिनिधि सहभागी भएको बताइएको छ । विशेष महाधिवेशन जारी रहँदा विशेष महाधिवेशन पक्ष र देउवा पक्षबीच वार्ता पनि चलेको थियो । तर सहमति जुट्न नसक्दा बुधबार महामन्त्रीद्वय थापा र शर्मा तथा सहमहामन्त्री मन्सुरलाई कारबाही गरिएको हो ।
बैठकको निर्णय सुनाउँदै देउवा पक्षका नेता मीनबहादुर विश्वकर्माले उनीहरूलाई अनुशासनको कारबाही गरिएको बताए ।
यस्तो कारबाहीलाई दुवै पक्षले पार्टी विभाजनका रुपमा व्याख्या गर्न अस्वीकार गरे पनि पार्टी विभाजन हुने प्रारम्भिक बिन्दु यही हो ।

## विशेष महाधिवेशनबाट सभापतिमा थापा निर्वाचित हुने

झापा । नेपाली कांग्रेसमा विशेष महाधिवेशन पक्षधरको महाधिवेशनबाट सभापतिमा गगन थापा निर्वाचित हुने निश्चित भएको छ ।
सभापतिमा उनको नाम मात्रै परेकाले विशेष महाविधेशनबाट निर्वाचित भएको घोषणा गर्ने तयारी भएको छ ।
त्यस्तै, उपसभापतिमा विश्वप्रकाश शर्मा र पुष्पा भुषाल चयन हुने करिब निश्चित भएको छ भने महामन्त्रीमा प्रदीप पौडेल र गुरुराज घिमिरे निश्चित भएका हुन् ।
सहमहामन्त्री र अन्य सदस्यहरुमा आवश्यक भन्दा बढीको दाबी छ । सर्वसम्मत गराउने प्रयास भइरहेको नेता गुरुराज घिमिरले बताए ।
कांग्रेसको विशेष महाधिवेशनबाट नेतृत्व चयनका लागि मतदान हुने भएको छ। नेपाली कांग्रेस विशेष महाधिवेशनद्वारा गठन गरेको निर्वाचन समितिले एक सूचना जारी गरी मतदान हुन लागेको जानकारी दिएको हो।
उम्मेदवारको अन्तिम नामावली प्रकाशन ६ बजेसम्म र मतदान सुरु राति ८ बजेदेखि गरिने निर्वाचन समितिका संयोजक केसीले बताए।
पार्टीको पुरानै विधानअनुसार हुन लागेको निर्वाचनमा एक सभापति, दुई उपसभापति, दुई महामन्त्री, आठ सहमहामन्त्री र १२१ सदस्य पदमा मतदान हुनेछ।

विशेष महाधिवेशनले बनाएको कार्यविधिमा पाँच सदस्यीय निर्वाचन समितिको रहने व्यवस्थाअनुसार वरिष्ठ अधिवक्ता केसीको संयोजकत्वमा निर्वाचन समिति गठन गरेको थियो। नेपाली कांग्रेसको १४औं महाधिवेशनमा चार हजार ७४३ मतदाता रहेकामा निधन भएका र अन्य पार्टीमा प्रवेश गरेकाबाहेक हाल चार हजार ६३५ महाधिवेशन प्रतिनिधि रहेका छन्।

## ५ वटै क्षेत्रमा श्रम संस्कृति पार्टीको उम्मेद्वार घोषणा

झापा, पुष ३० । हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीले झापाका पाँचवटै निर्वाचन क्षेत्रका लागि प्रत्यक्षतर्फका उम्मेद्वार घोषणा गरेको छ ।
मंगलवार सुनसरीको धरानमा पार्टी अध्यक्ष साम्पाङको उपस्थितिमा झापाका पाँचजना उम्मेद्वार घोषणा



गरिएको हो ।
झापा क्षेत्र नम्बर १ बाट केबलराम राई , २ बाट केशव भण्डारी ,३ बाट दीपक तिम्सिना, ४ बाट अमृता राई र ५ बाट शिवन सोरानी मगरलाई प्रत्यक्षतर्फको उम्मेदवार घोषणा गरिएको हो । सबै उम्मेद्वार मंगलवार पार्टी अध्यक्ष साम्पाङलाई भेट्न धरान पुगेका थिए ।धरानका मेयरसमेत रहेका साम्पाङले निर्वाचन आयोगमा पार्टी दर्ता गराएपछि देशव्यापी चुनावी अभियान सुरु गरेका छन् ।

## रविमाथिको सम्पत्ति शुद्धिकरणको मुद्दा फिर्ता

काठमाडौँ । महान्यायाधिवक्ता कार्यालयले पूर्व गृहमन्त्री रवि लामिछानेविरुद्ध विभिन्न जिल्ला अदालतमा चलिरहेको संगठित अपराध र सम्पत्ति शुद्धिकरणको अभियोग फिर्ता लिन सम्बन्धित सरकारी वकिलहरूलाई स्वीकृति दिएको छ।
महान्यायाधिवक्ता कार्यालयको यो निर्णयसँगै कास्की, रुपन्देही, काठमाडौं र पर्साका सरकारी वकिलको कार्यालयले संगठित अपराध र सम्पत्ति शुद्धिकरणको अभियोग फिर्ता लिनेछन्।
लामिछानेका तर्फबाट असोजको पहिलो सातामहान्यायाधिवक्ता कार्यालय काठमाडौंमा निवेदन दिइएको थियो। त्यतिबेला लामिछाने सहकारीको रकम अपचलनसहितको अभियोगमा पुर्पक्षका लागि थुनामा नख्खु कारागारमा थिए। पुस ३ गते उच्च अदालत तुलसीपुर, बुटवल इजलासले लामिछानेलाई धरौटीमा रिहा गर्ने आदेश गरेको थियो।
२०८१ पुस ७ गते रास्वपा सभापति लामिछानेको सांसद पद निलम्बन गर्न कास्की प्रहरीले सभामुख देवराज घिमिरेलाई पत्र लेखेको थियो। उक्त पत्र सभामुख घिमिरेले लामिछानेलाई निलम्बन गरिएको सूचना प्रकाशित गर्न प्रयोग गरेका थिए।
त्यतिबेला सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐनको दफा २७ मा स्वतः निलम्बन हुने प्रबन्ध रहेको भन्दै सभामुखले सूचना निकालेका थिए।



महान्यायाधिवक्ता कार्यालयले लामिछानेलाई मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ३६ प्रयोग गरेर संगठित अपराध र सम्पत्ति शुद्धिकरणको अभियोग फिर्ता लिएको हो।

मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ३६ मा अभियोगपत्र संशोधन गर्न सकिने उल्लेख छ। यो व्यवस्था मुद्दा विचाराधीन रहेको अवस्थामा कुनै नयाँ वा थप बलियो प्रमाण भेटिएमा गर्न सकिने गरी राखिएको हो।
उक्त दफाको उपदफा (१) मा भनिएको छ, 'अदालतमा एकपटक दायर भैसकेको मुद्दामा थप प्रमाण फेला परेमा पहिले लिएको माग-दावी संशोधन गर्नु पर्ने देखिएमा, महान्यायाधिवक्ताको स्वीकृति लिएर सम्बन्धित सरकारी वकिलले अभियोगपत्रमा संशोधन गर्न सुरु तहको सम्बन्धित अदालतमा कारण खुलाई निवेदन दिन सक्नेछ।'
त्यस्तै उपदफा (२) मा भनिएको छ कि उपदफा (१) बमोजिम निवेदन आएमा र त्यसको व्यहोरा मनासिब देखिए, निवेदनअनुसार अभियोगपत्रमा माग-दावी संशोधन गर्ने आदेश सम्बन्धित अदालतले दिन सक्नेछ। तर त्यस्तो संशोधन गर्ने आदेश सुरु तहको सम्बन्धित अदालतले फैसला गर्नुअघि नै दिइसकेको हुनु पर्नेछ।
यो दफा अनुसार लामिछानेले आफ्नो हकमा दुई वटा मुद्दाको अभियोग संशोधन गराउन सके, जसले सहज रुपमा धरौटीमा रिहा हुन र मुद्दा कमजोर हुने अवस्था सिर्जना गर्न सक्ने भएकाले उनले निवेदन दिएका थिए।

## कारको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

झापा, पुष ३० । कनकाई ४ कोटिहोमस्थित कन्काई पुलमा कारको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ ।
मंगलवार राति ८.३० कन्काई पुलस्थित पूर्वपश्चिम राजमार्गमा तत्काल नम्बर नखुलेको सेतो कारले बिपरित दिशाबाट आउँदै गरेको बीएएबी ६१२६ न. को मोटरसाइकललाई ठक्कर दिएको थियो । दुर्घटनामा मोटरसाइकल चालक कन्काई नगरपालिका वडा नं. ४ बस्ने ३५ वर्षीय कमल पराजुली घाइते भएका थिए ।
टाउकोमा चोट लागेका घाइते पराजुलीलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड पठाइएकोमा डाक्टरले चेकजाँच गर्ने क्रममा मृत घोषणा गरेका छन् । मृतकको शव सोही अस्पतालमा रहेको छ । ठक्कर दिएर फरार रहेको सवारी साधनको खोजतलास भइरहेको प्रहरीले जनाएको छ ।
त्यस्तै भद्रपुरमा पिकअप पल्टिदा दुईजना घाइते भएका छन् । बुधवार बिहान ११ बजे भद्रपुर नगरपालिका वडा न. ६ गिरी चोकमा बनियानीबाट चन्द्रगढीतर्फ जाँदै गरेको को २ च १६४६ न. को पिकअप आफै अनियन्त्रित भई पल्टिदा पिकअपमा सवार दुईजना घाइते भएका हुन् । बिर्तामोड १ बस्ने अन्दाजी बर्ष ४५ का बिक्रम सहनी र सोही ठाउँ बस्ने अन्दाजी बर्ष ४२ का तेजेन्द्र सहनी घाइते भएका हुन् । उनीहरुको ओमसाई पाथिभरा अस्पताल भद्रपुरमा उपचार भइरहेको छ ।

पिकअप चालक दमक नगरपालिका वडा न. ९ बस्ने अन्दाजी बर्ष २२ का सुमन लम्जेल सार्की ,कमल वडा न. ६ बस्ने अन्दाजी बर्ष २२ का राहुल सहनी र बिर्तामोड वडा न. १ बस्ने अन्दाजी बर्ष ३९ का बिष्णु पौडेललाई केही नभएको प्रहरीले जनाएको छ ।

**राजवंसी समाज विकास सिमित**

**केन्द्रिय कायार्लय झापा**

**प्रेस विज्ञप्ती**

मिति : २०८२/०९/३०

यही मिति २०८२ साल पौष महिनाको २९ गते डोमालाल राजवंशी रंगशालामा राजवंशी समाज विकास समितिको नाममा अभय भनिने बरुण राजवंशीले जिल्ला प्रशासन कार्यालय झापाको मिति २०८२ पौष २५ गतेको च.नं. ५०५७ को परिपत्र अनुसार उक्त भाक्का दिवस कार्यक्रम संचालन रद्ध गरेता पनि प्रशासनको उक्त आदेशको अवज्ञा गरी प्रशासनलाई नै चुनौती दिई अराजक शैलीमा अभिव्यक्ति दिदै संस्थाभन्दा बाहिरको व्यक्तिले राजवंशी समाज विकास समितिको नाम, लोगो र व्यानर दुरुपयोग गर्दै उक्त कार्यक्रम संचालन गरेका छन् । सो कार्यक्रम संचालन भइरहंदा आफ्नो वक्तव्य दिने क्रममा संस्थाको कुनै पनि पदमा नरहेको उक्त अभय भनिने बरुण राजवंशीले राजवंशी समाज विकास समितिको केन्द्रीय अध्यक्ष मै हुँ भनी झापा जिल्लाका जिल्ला प्रमुख अधिकारी लगायत अन्य व्यक्ति तथा समुदायलाई अपमानजनक अभिव्यक्ति दिदै हाम्रो संस्थाको गरिमामा नै आँच आउने कार्य गरेकोमा हाम्रो घोर आपत्ती छ ।यसरी सार्वजनिक स्थलमा जो कोहीले पनि प्रमुख जिल्ला अधिकारीलाई नै अपमानजनक तरिकाले वक्तव्य दिँदा हाम्रो संस्थालाई कंदापि स्वीकार्य हुने छैन। सो कार्यक्रममा राजवंशी समाज विकास समितिको कुनै किसिमको पनि संलग्नता नरहेको जानकारी गराउदै यस्तो अभिव्यक्ति दिने जो कोहीलाई पनि आवश्यक कानुनी कार्बाही गर्न यसै विज्ञप्ति मार्फत अनुरोध गर्दछौं।

साथै भाक्का दिवस कार्यक्रम संचालन गर्नको लागि विभिन्न व्यक्ति, संघ संस्था, निकायहरुमा यस संस्थाको लेटरप्याड, छाप दुरुपयोग गरी संस्थाको नाममा आर्थिक संकलन गरेकोमा सो कार्य गैरकानुनी भएकोले राजवंशी समाज विकास समिति आवश्यक कार्बाहीको लागि माग गर्दछ ।

महासचिव
चन्द्र प्रसाद राजवंशी

अध्यक्ष
सुवन्त कुमार राजवंशी

# अध्यक्ष पदका लागि १३ जना आकांक्षी

काठमाडौं । राष्ट्रिय परीक्षा बोर्डको अध्यक्ष पद नियुक्तिको लागि १३ जना उम्मेदवारहरूको आवेदन स्वीकृत भएको छ।




राष्ट्रिय परीक्षा बोर्डको अध्यक्ष पदमा नियुक्तिका लागि सिफारिस गर्न गठित समितिले तोकिएको अवधिभित्र दर्ता हुन आएका दरखास्त उपर छानविन गर्दा उम्मेदवारहरूले शिक्षा ऐन, २०२८ को दफा ४क. को उपदफा (२) (क)र सूचनामा उल्लिखित शर्तहरू पूरा गरेको देखिएकाले उनीहरूको दरखास्त स्वीकृत गरिएको जनाएको छ। समितिले बोर्डको अध्यक्ष पदको लागि पुष १० गते सूचना प्रकाशित गरेको थियो। आवेदन दिने समय सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात पुष २४ गतेसम्म थियो। डा. जगतकृष्ण पोखरेल,डा. राजेन्द्रकुमार पोखरेल,प्राडा बाबुराम खनाल,डा. रामचन्द्र पाण्डे,दुर्गाप्रसाद अर्यालको दरखास्त आवेदन स्वीकृत भएको छ।

त्यस्तै,आवेदन स्वीकृत हुनेमा डा. तुलसीराम भण्डारी,पुष्पराज जोशी,डा. घनश्याम ठाकुर,डा. कृष्णप्रसाद आचार्य,प्राडा अच्युत ज्ञवाली,लक्ष्मीराम पौडेल,डा. भोजराज शर्मा काफ्ले र डा. राजेन्द्रप्रसाद चापागाईंको रहेका छन्।

समितिले अवधारणापत्र र व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्तासम्बन्धी सूचनापछि प्रकाशन गरिने जनाएको छ।

बोर्डका तत्काली अध्यक्ष महाश्रम शर्माको कार्यकाल सकिएपछि दरखास्त आह्वान गरिएको हो। २०७८ पुष ९ गते सरकारले राष्ट्रिय परीक्षा बोर्डको अध्यक्षमा शर्मालाई नियुक्त गरेको थियो।

# धरानमा धारिलो हतियार प्रहार गरी हत्या

झापा । धारिलो हतियार प्रहारबाट धरानमा एक पुरुषको मृत्यु भएको छ । धरान उपमहानगरपालिका-११ पुण्यमार्गमा बस्ने ३५ वर्षीय रूपक राईको मंगलबार साँझ आफ्नै घरभित्र टाउकोमा खुकुरी प्रहार गरी हत्या गरिएको प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय धरानका डीएसपी भीषण बाबु राईका अनुसार मृतक राईको टाउकोमा पटक-पटक धारिलो हतियार प्रहार गरिएको देखिएको छ ।

गम्भीर चोटका कारण उनको घटनास्थलमै मृत्यु भएको डीएसपी राईले बताए । घटनास्थलको मुचुल्का उठाई शव पोस्टमार्टमका लागि बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान (घोपा) पठाइएको छ ।

घटनाको अनुसन्धानका क्रममा सोही घरमा सँगै बस्दै आएका मृतकका मामाका छोरा ३३ वर्षीय रविन राईलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। प्रारम्भिक अनुसन्धानमा उनी शंकास्पद देखिएपछि नियन्त्रणमा लिइएको डीएसपी राईले बताए । हाल उनलाई इलाका प्रहरी कार्यालय धरानमा राखी सोधपुछ भइरहेको छ। प्रहरीले घटनाको स्पष्ट कारण खुलिनसकेको बताएको छ ।

# सशस्त्र प्रहरीद्वारा विपद् स्वयंसेवक तालिम सम्पन्न

झापा, पुष ३० । सशस्त्र प्रहरी बल, नेपाल नं २ गण हे.क्वा. झापाको आयोजना तथा मेचीनगर नगरपालिकाको सहकार्यमा १८ दिने "समुदाय विपद् स्वयंसेवक तालिम" सम्पन्न भएको छ । गत पुष ९ गतेदेखि शुरु भएको सो तालिममा मेचीनगर नगरपालिकाका नगर प्रहरी १५ जना, दमकल चालक एकजना तथा बिभिन्न वडाबाट ११ जना गरी जम्मा २७ जना



प्रशिक्षार्थीहरुलाई प्रशिक्षण दिइएको थियो। जसमा ४ जना महिला र २३ जना पुरुष सहभागी रहेको सशस्त्र प्रहरी बल, नेपाल नं २ गण हे.क्वा. झापाका सूचना अधिकारी सशस्त्र प्रहरी नायव उपरीक्षक रोहितबहादुर घिमिरेले जानकारी दिएका छन् ।

झापाका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष शिवराम गेलालको प्रमुख आतिथ्य तथा सशस्त्र प्रहरी बल, नेपाल नं. १ वराह बाहिनीका वाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक कुमार न्यौपानेको विशिष्ट आतिथ्य रहेको समापन कार्यक्रममा जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी उपरीक्षक राजन लिम्बू, सशस्त्र प्रहरी बल, नेपाल नं.२ गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक तुलबहादुर भण्डारी, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय झापाका प्रमुख उप-अनुसन्धान निर्देशक उमेश पाण्डे, बिभिन्न वडाका वडा अध्यक्षहरु, पत्रकार तथा स्थानीयहरुको उपस्थिति रहेको थियो ।

उक्त तालिममा सहभागी प्रशिक्षार्थीहरुलाई जल उत्पन्न प्रकोपमा गरिने उद्धार, भत्केको संरचनामा गरिने खोज तथा उद्धार, आगलागी नियन्त्रण, सवारी दुर्घटनामा गरिने उद्धारलगायत बिभिन्न प्रकारका बिपद्मा गरिने उद्धारसम्बन्धी सैद्धान्तिक एवम् ब्यवहारिक ज्ञान प्रदान गरिएको थियो। समापन कार्यक्रममा सहभागी प्रशिक्षार्थीहरुले आगलागी नियन्त्रणसम्बन्धी डेमोस्ट्रेसन प्रदर्शन गरेका थिए। प्रशिक्षार्थीहरुलाई प्रमुख अतिथि तथा बिशिष्ट अतिथिद्वारा प्रमाणपत्र बितरण गरिएको थियो।

समापन कार्यक्रममा प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी तथा जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष गेलालले आफ्नो मन्तब्य राख्ने क्रममा यस क्षेत्रमा विभिन्न प्रकारका प्राकृतिक तथा मानव सृजित विपद्को जोखिम उच्च रहेकाले त्यस्ता चुनौतीहरूलाई सामना गर्न समुदाय स्तरमै दक्ष जनशक्ति उत्पादन गर्नु एक महत्वपूर्ण उपलब्धी भएको बताए । उनले प्रशिक्षार्थीहरुले समुदाय स्तरमा बिपद्को समयमा तालिममा सिकेका ब्यवहारिक एवम् सैद्धान्तिक ज्ञानलाई बिपद्को समयमा उद्धार कार्यमा परिचालित भई क्षतिको न्यूनीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे । विशिष्ट अतिथि सशस्त्र प्रहरी बल,नेपाल नं. १ वराह वाहिनीका वाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक न्यौपानेले आफ्नो मन्तब्य राख्दै यस किसिमको तालिमले बिपद् व्यवस्थापनको लागि सरोकारवाला निकायहरु परिचालित भएको अवस्थामा आवश्यक समन्वय र सहकार्य गर्न परिचालनलाई अझ प्रभावकारी ढंगले ब्यवस्थित गर्न सकिने तथा बिपद्बाट हुन सक्ने क्षति कम गर्न सकिने बिश्वास व्यक्त गरेका थिए ।

# क्यान्सर उपचार सहयोगार्थ मध्यपहाडी लोकमार्गमा साइकल–यात्रा

झापा । क्यान्सर प्रभावित विपन्न नागरिकको उपचारमा सहयोग जुटाउने उद्देश्यसहित क्यान्सर विजेतासहितको टोलीले मध्यपहाडी (पुष्पलाल) लोकमार्गमा साइकल-यात्रा गरिरहेको छ ।

पाँचथरको उत्तरपूर्वी सीमाना चिवाभञ्ज्याङबाट सुरु भएको यो अभियान १४औं दिनमा लमजुङ आइपुगेको हो । अंग्रेजी नयाँ वर्ष २०२६ को पहिलो दिन (पुस १७) बाट सुरु भएको साइकलयात्रा बुधबार गोरखाबाट लमजुङको सुन्दरबजार आइपुगेको हो । टोली पाँचथर, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङको दिक्तेल, सिन्धुपाल्चोकको मेलम्ची, नुवाकोटको विदुर र गोरखाको आरुघाट हुँदै लमजुङ आइपुगेको हो । यात्राकै क्रममा पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सरसम्बन्धी जनचेतना कार्यक्रम पनि विभिन्न स्थानमा सञ्चालन गरिएको छ ।

टोलीले करिब १ हजार ८ सय किलोमिटर लामो मध्यपहाडी लोकमार्ग १ महिनाभित्र पार गर्दै पूर्वको चिवाभञ्ज्याङदेखि पश्चिम बैतडीको झुलाघाटसम्म पुग्ने लक्ष्य लिएको छ ।



क्यान्सर विजेता तथा लिड राइडर हर्क लामाको नेतृत्वमा धुलिखेल अस्पतालका प्राध्यापक डा. सुमनराज ताम्राकारका अनुसार क्यान्सर विजेता कविता चित्रकार, धुलिखेल अस्पतालका डा. विकास पराजुलीलगायत १५ जना राइडर अभियानमा सहभागी छन् ।

साइकल कल्चर कम्युनिटी र धुलिखेल अस्पतालको सहकार्यमा सुरु गरिएको यात्राबाट संकलित रकमलाई कोषमा जम्मा गर्ने गरी आगामी फेब्रुअरी ४, विश्व क्यान्सर दिवसका दिन धुलिखेल अस्पताललाई हस्तान्तरण गरिनेछ ।

# पूर्वमन्त्री कार्की झापा २ बाट उठ्ने

झापा, पुष ३० । पूर्वमन्त्री राम कार्की (पार्थ )झापा क्षेत्र नं २ बाट निर्वाचनमा उठ्ने भएका छन् । जनार्दन शर्मा नेतृत्वको प्रगतिशील लोकतान्त्रिक पार्टीका तर्फबाट उनले उम्मेद्वारी दिने भएका हुन् । उनलाई बाम बुद्धिजीवीहरु तथा स्वतन्त्र बामहरुले




समेत सघाउने बताइएको छ। उनले असल राजनीतिज्ञको पहिचान बनाएका छन् । तत्कालीन माओवादी केन्द्र र एकीकृत समाजवादीबीच एकीकरण हुँदा उनी नेपाली कम्युनिष्ट पार्टीका नगएर जनार्दन शर्मासंगै रहेका थिए ।

२०७४ सालको निर्वाचनमा उनी झापा क्षेत्र नं. १ मा बाम गठबन्धनका तर्फबाट निर्वाचित भएका थिए । ३६ हजार १ सय ७३ मत ल्याउँदै कार्कीले नेपाली कांग्रेसका उम्मेदवार विश्वप्रकाश शर्मालाई पराजित गरेका थिए । शर्माले ३३ हजार ३ सय १० मत ल्याएका थिए ।

# इरानले प्रदर्शनकारीलाई मृत्युदण्ड दिए कडा कारबाही गर्ने ट्रम्पको चेतावनी

एजेन्सी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यदि इरानले प्रदर्शनकारीहरूलाई मृत्युदण्ड दियो भने अमेरिकाले त्यसविरुद्ध कडा कारबाही गर्ने बताएका छन्। गत हप्ता पक्राउ परेका २६ वर्षीय इरफान सुल्तानीका आफन्तहरूले उनलाई बुधबार मृत्युदण्ड दिन लागेकोबीबीसीलाई बताएका छन्।



इरफान सुल्तानीलाई गत जनवरी ८ मा तेहरान नजिकको कराज क्षेत्रबाट पक्राउ गरिएको थियो। उनीमाथि अली खामेनेईविरुद्ध प्रदर्शन गरेको आरोप लगाइएको छ।

हेङ्गो अर्गनाइजेसन फर ह्युमन राइट्सका एक प्रतिनिधिले पनि बीबीसीलाई भनेका छन् कि यति छिटो मुद्दा कार्यान्वयन भएको आफूहरूले कहिल्यै देखेका थिएनन्।

बीबीसीको अमेरिका सम्बद्ध समाचार संस्था सीबीएस न्यूजसँग कुरा गर्दै ट्रम्पले सम्भावित मृत्युदण्डको बारेमा भनेका छन् ,' यदि उनीहरूले मृत्युदण्ड दिए भने तपाईंले केही कुराहरू देख्नुहुनेछ। कडा कारबाही गर्नेछौं।'

सोल्तानीका आफन्तले बीबीसी फारसीलाई बताएअनुसार इरानी अदालतले मुद्दा पक्रिया अघि बढेको दुई दिनभित्र मृत्युदण्डको सजाय सुनाएको छ। हेङ्गावका प्रतिनिधि अवैर शेखीले यो मुद्दाले इरानी सरकारले जनतालाई दबाउन र डर जगाउन बल प्रयोग गरिरहेको बताएका छन्। इरानमा डिसेम्बर २८ देखि विरोध प्रदर्शन जारी छ। मानव अधिकार संगठनहरूले यी प्रदर्शनहरूमा हजारौंको मृत्यु भएको दाबी गरेका छन्।

# सासुलाई कुटपिट गर्ने ज्वाइँ पक्राउ

झापा, पुष ३० । झापाको बिर्तामोड- १० विराटपोखरमा सासुलाई कुटपिट गर्ने ज्वाइँ पक्राउ परेका छन् ।

मंगलवार साँझ ७.३० बजे बिर्तामोड- १०पश्चिम बिराटपोखर बस्ने ५३ वर्षीया हिमकला पौडेललाई उनका ज्वाइँ ललितपुर महाकाल गाउँपालिका २ घर भएका ३० वर्षीय ज्ञानेन्द्र बजगाईंले कुटपिट गरेका हुन् । बजगाई बिगत दुई बर्षदेखि ससुरालीमा बस्दै आएका छन् । सामान्य घरायसी विवाद भई कुटपिट गर्दा सासु हिमकलाको नाकमा चोट लागेको छ । उनलाई उपचारको लागि बिर्तासिटी अस्पताल बिर्तामोड पठाइएको छ ।कुटपिट गर्ने बजगाईलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको छ ।

त्यस्तै जग्गासम्बन्धी विवादमा कुटपिट गर्ने अर्जुनधारा वडा नं.९बस्ने ३०वर्षीय डिल्लीराम बास्कोटालाई प्रहरीले पक्राउ गरेको छ । मंगलवार साँझ बास्कोटाले विर्तामोड वडानं.४बस्ने ५० वर्षीय शिवप्रसाद पाठकलाई कुटपिट गरेका थिए । बास्कोटालाई नियन्त्रणमा लिई इप्रका बिर्तामोडमा राखिएको छ ।

# झापा नाटकघरलाई राष्ट्रिय सांस्कृतिक धरोहर घोषणा गर्ने माग

झापा, पुष ३० । झापाको बिर्तामोड-१ मा निर्माणाधीन बहुजातीय सांस्कृतिक संग्रहालयसहितको झापा नाटकघर निर्माणका परिकल्पनाकार माधब 'कल्पित'को नेतृत्वमा रहेको क्षितिज नाट्य प्रतिष्ठान झापाको टोलीले 'एक इटा अभियान'सहित अर्थमन्त्री रामेश्वर खनाललाई ज्ञापनपत्र बुझाएको छ।

स्थानीय जनसहभागिता, श्रम र साना सहयोगबाट निर्माण भइरहेको झापा नाटकघरलाई



राष्ट्रिय सांस्कृतिक सम्पदाका रूपमा स्थापित गर्न आवश्यक बजेट, संरचनागत सहयोग र दीर्घकालीन संरक्षणको माग गर्दै नाटकघरको टोली संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय हुँदै अर्थ मन्त्रालय पुगेको हो।

ज्ञापनपत्रमा झापा नाटकघर केवल नाटक मञ्चनको स्थल मात्र नभई बहुजाति, बहुभाषिक र बहुसांस्कृतिक पहिचान बोकेको साझा सांस्कृतिक केन्द्रका रूपमा विकास गर्ने स्पष्ट लक्ष्य रहेको उल्लेख गरिएको छ। अभियन्ताहरूले कला, साहित्य र रंगमञ्चको संरक्षण बिना समाजको चेतना, राष्ट्रिय एकता र सांस्कृतिक पहिचान कमजोर हुने चेतावनीसमेत दिएका छन्।

टोलीमा क्षितिज नाट्य प्रतिष्ठान नेपालका केन्द्रीय अध्यक्ष तथा झापा नाटकघरका निर्माण परिकल्पनाकार माधब 'कल्पित', नाट्य समूहकी उपाध्यक्ष तथा रंगकर्मी सुजना खतिवडा, अन्तर्राष्ट्रिय कलाकार संघका सदस्य राजु श्रेष्ठ, अनिता पौड्याल, पुष्पराज भण्डारी तथा नाटकघरका सल्लाहकार एवं जग्गादाता कुमार पौड्याल सहभागी थिए।

केन्द्रीय अध्यक्ष कल्पितका अनुसार करिब सात वर्षअघि सडकमा 'एक थान इटा' माग्दै सुरु गरिएको अभियानबाट सम्भवतः कोशी प्रदेशकै पहिलो नाट्य संग्रहालय निर्माणको आधार स्थानीय श्रोत साधनबाट तय भएको हो । हालसम्म करिब ३ करोड ५० लाख रुपैयाँ लागतमा नाटकघरको संरचना निर्माण गर्न प्रतिष्ठान सफल भयो भने १ धुर भूमिदानमार्फत १ सय ४५ धुर जग्गा नाट्य समूहको नाममा सुरक्षित भइसकेको छ।

कोशी प्रदेशकै सबैभन्दा ठूलो बहुजाति,बहुभाषिक तथा बहुसांस्कृतिक संग्रहालय निर्माण गर्ने लक्ष्यसहित करिब २५ करोड रुपैयाँ लागतको दीर्घकालीन प्रस्तावना अर्थमन्त्रीसमक्ष पेश गरिएको अध्यक्ष कल्पितले जानकारी दिएका छन्।


## शिवसताक्षी नगरपालिका नगर कार्यपालिकाको कार्यालय

ब्याङडाँडा ,झापा

### जनहितमा जारी सूचना

महिला हिंसा अन्त्य गरौं ।

१. महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
२. महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
३. कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
४. हिंसामा परे तत्काल कानूनी सहायता लिऔं
५. कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
६.घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
७. महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
८.हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,
९. महिला हिंसा विरुद्ध शुन्य सहनशीलता अपनाऔं ।

## कुक आवश्यकता

भारत सिलिगुडीको एक रेस्टुरेन्टका लागि २ जना कुकको आवश्यकता परेकाले इच्छुकले तुरुन्त सम्पर्क राख्नु होला ।

सम्पर्क
९८५२६४०४०५
9852640405

## डाक्टर आउने बारे सूचना

आश्विन बाथ सेन्टरमा डा. टंकप्रसाद बाराकोटीको अब दैनिक सेवा उपलव्ध छ ।

**डा. टंकप्रसाद बाराकोटी**
नवजात शिशु तथा वरिष्ठ बाल रोग बिशेषज्ञ
NMC –2356

प्रत्येक दिन दिउँसो १२ बजेदेखि २ बजेसम्म

सम्पर्क– ०२३५३०५४५,९८६२६७०८५०
शनिश्चरे रोड , बिर्तामोड

## नेपाल विद्युत प्राधिकरण अनारमनी वितरण केन्द्रको अनुरोध

**शीतलहर चलेका विद्युत प्रयोग गर्दा ध्यान दिनु पर्ने कुराहरूः**

शीतलहर (अत्यधिक जाडो) को समयमा विद्युत उपकरण प्रयोग गर्दा विशेष सावधानी अपनाउनु अत्यन्त आवश्यक हुन्छ । यस समयमा हुने साना लापरवाहीले आगो लाग्ने, करेन्ट लाग्ने वा उपकरण बिग्रने जोखिम बढाउँछ । ध्यान दिनुपर्ने मुख्य कुराहरू यसप्रकार छन् ।

१. **हिटर, ब्लोअर र हिटर रड प्रयोग गर्दा**
- ओभरलोड हुने गरी एकै प्लगमा धेरै उपकरण नजोड्नुहोस्
- हिटर नजिक कपडा, पर्दा, कागज, ओछ्यान नराख्नुहोस्
- सुत्ने बेला हिटर वा ब्लोअर अन गरेर ननिदाउनुहोस्
- पानी तताउन प्रयोग गरिने हिटर रड बाल्टिन बाहिर ननिकाल्नुहोस्

२. **तार र प्लगको अवस्था जाँच**
- पुराना, चुँडिएका वा नाङ्गा तार प्रयोग नगर्नुहोस्
- चिसोले तार कडा हुने भएकाले मोड्दा फुट्ने जोखिम हुन्छ
- ढिलो वा खुकुलो प्लग तुरुन्त मर्मत गर्नुहोस्

३. **भिजेको हातले नछुने**
- भिजेको हात वा भिजेको जमिनमा उभिएर विद्युत उपकरण नछुनुहोस्
- बाथरुममा हिटर प्रयोग गर्दा विशेष सावधानी अपनाउनुहोस्

४. **बालबालिका र वृद्धको सुरक्षा**
- बालबालिकालाई हिटर, साकेट र तार छुन नदिने
- वृद्ध तथा अशक्त व्यक्तिको कोठामा सुरक्षित दूरीमा उपकरण राख्ने

५. **आगलागीबाट बच्न**
- सकेसम्म थर्मोस्टेट र अटो कट भएका उपकरण प्रयोग गर्नुहोस्
- लामो समयसम्म प्रयोग नगर्दा प्लग निकालेर राख्नुहोस्
- घरमा फायर एक्स्टिङ्गुइशर वा बालुवा राख्नु उपयुक्त हुन्छ

६. **लाइन र अर्थिङ**
- घरमा अर्थिङ राम्रोसँग जडान भएको हुनुपर्छ
- बारम्बार बत्ती झिम्किने वा फ्युज जाने समस्या आए प्राविधिक बोलाउनुहोस्

७ **सूचना पालना**
- नेपाल विद्युत प्राधिकरण र स्थानीय निकायले जारी गरेका सुरक्षा सूचना पालना गर्नुहोस्
- सावधानी अपनाऔं, दुर्घटनाबाट जोगिऔं।


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# माघे संक्रान्ति, मकर संक्रान्ति तथा माघी पर्व

माघे सङ्क्रान्ति, मकर सङ्क्रान्ति तथा माघी नामले चिनिने नेपालको एक प्रमुख चाड हो । यो माघ महिनाको पहिलो दिन पर्दछ। ज्योतिष शास्त्र अनुसार सौर्यमासको हिसाबले माघे सङ्क्रान्तिदेखि सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने हुनाले यसलाई 'मकर सङ्क्रान्ति' पनि भनिएको हो । सामान्यतया सूर्यले सबै राशिलाई प्रभावित गरेता पनि सूर्यको कर्कट राशि (साउने सङ्क्रान्ति) र मकर राशि (माघे सङ्क्रान्ति) प्रवेशलाई धार्मिक दृष्टिले महत्वपूर्ण मानिन्छ । यो दिनदेखि सूर्य दक्षिणी गोलार्धबाट उत्तरी गोलार्धतर्फ प्रवेश गर्ने भएकोले दिन लामो र रात छोटो हुँदै जाने विश्वास गरिन्छ तापनि आजभोलि पुष ७ गतेबाटै दिन लम्बिन र रात छोट्टिन शुरु हुन्छ ।

माघे सङ्क्रान्ति पर्व नेपालभर विभिन्न नदी तथा त्रिवेणीमा स्नान गरि मन्दिरमा पूजाआजाका साथै घिउ, चाकु, तिलको लड्डु र तरुल खाएर मनाइन्छ। यस पर्वमा देवघाट, बराहक्षेत्र, रिडी, पनौती, दोलालघाट, कन्काई तथा भारतको प्रयाग र गङ्गा सागरलगायतका नदी र घाटहरूमा स्नान, दान, श्राद्ध आदि गर्नेको ठूलो भिड लाग्छ । भविष्य पुराण, विष्णुवचन तथा धर्मसिन्धु नामक ग्रन्थमा यस दिन स्नान गरि घिउ, चाकु, तिलको लड्डु, सागपात, तरुल, वस्त्र, पानीको भाँडो र मकलसहितको सिदा दान गरेमा विशेष फल प्राप्त हुने र उक्त पदार्थ आफूले पनि खाएमा शरीर पोषिलो हुनुका साथै निरोगी हुने उल्लेख छ । मीठो खाने, राम्रो लगाउने र भलो सुन्ने-भन्ने यस पर्वमा गुरु, पुरोहित र ब्राह्मण आ-आफ्ना यजमानकहाँ गई महिना सुनाउँछन्। महिना सुनिसकेपछि गृहस्थीहरू गुरु, पुरोहितलाई टीका लगाई घिउ, चाकु, तरुल, लड्डुसहितको सिदा दान गर्छन्। शिशिर ऋतुमा पर्ने यो सङ्क्रान्तिमा शरीर शुद्ध गरी घिउ, चाकु र तिल तथा खिचडी खानाले शरीरमा गर्मीको मात्रा बढेर तागत दिने तथा मास हाली पकाइएको तेल शरीरमा घुस्दा चिसोबाट मुक्त भई शरीरका छालासम्बन्धी र अन्य रोग नाश हुने विश्वास गरिन्छ। महाभारतका अनुसार भीष्मले यही दिन मृत्यु रोजेका थिए भने भगिरथले सोही दिन गङ्गा नदीलाई पृथ्वीमा अवतरण गराई सागरमा मिलाएका थिए । त्यसैले माघे सङ्क्रान्तिका दिन प्रयाग र गङ्गासागरमा गरिने स्नानलाई महास्नान भनिन्छ।

**नेपालमा माघे सङ्क्रान्ति**

भौगोलिक, जातीय र सांस्कृतिक विविधता रहेको नेपालमा एकै दिन पर्ने र एउटै नामको पर्वलाई पनि बिभिन्न भेग र समुदायमा बिभिन्न ढङ्गले मनाउने प्रचलन छ । यसको उदाहरण माघे सङ्क्रान्ति पर्व हो । मकर सङ्क्रान्तिको अर्को नाम माघे सङ्क्रान्ति हो । यो पर्व माघ महिनाको सुरूवातको दिन अर्थात् माघ १ गतेको दिन पर्दछ । यस पर्वलाई थारु जातिले माघी भनेर मनाउँछन् र नयाँ वर्ष मान्ने गर्छन्, मगर जातिले मुख्य रूपमा धुमधामको साथ मनाउने यो पर्वलाई माघ्या/सेल्हेंस पनि भनिन्छ । नेपालको हिमाल, पहाड र तराईका बसोबास गर्ने छेत्री, बाहुन, राई, मगर, लिम्बु, नेवार, गुरुङ, मगर आदि सबै जनजातीले माघे सङ्क्रान्तिलाई आआफ्ना परम्परा, बिभिन्न विशेषता र प्रकृतिले मनाउने गरेको पाइन्छ ।



ज्योतिषीय दृष्टिकोणमा सूर्यले धनु राशिबाट मकर राशिमा सङ्क्रमण गरेको दिन भएकाले यस दिनको नाम मकर सङ्क्रान्ति रहन गएको हो । सूर्यको उदयबिन्दु दक्षिणतर्फबाट उत्तरतर्फ सर्ने भएकाले यस दिनबाट उत्तरायण सुरू हुन्छ भन्ने मान्यता छ । उत्तरायणको अवधिमा तुलनात्मक रूपमा दिन लामा हुने र तापक्रममा बृद्धि भई गर्मी मौसमको प्रारम्भ हुने गर्दछ । त्यसैले पनि यस दिनको छुट्टै खगोलीय महत्त्व छ । माघे सङ्क्रान्तिका दिन विशेष गरी वनतरुल, सखरखन्न(सुठुनी), खुँदो, चिउरा, घिउ, चाकु र विभिन्न परिकारहरू तयार पारेर खाने गरिन्छ । माघे सङ्क्रान्ति आउनुभन्दा एक दुई दिन अगाडि सङ्क्रान्तिको दिनलाई भनेर गाउँघरतिर आफ्नो घरमा भएका गल, बाउसो, खन्ती आदि खन्ने चिजबीज बोकेर नजिकको वनतर्फ लाग्ने मानिसहरूको भिड देख्न पाइन्छ । यस दिनमा तिलको होम र दान गर्नाले वा खानाले अथवा प्रयोग गर्नाले त्यो व्यक्ति कहिल्यै असफल हुँदैन भन्ने धार्मिक विश्वास पनि छ । उक्त दिन नदीका दोभानमा गई शुद्ध भई सिधा दान गर्नाले पुण्य प्राप्त भई रोगब्याधिबाट मुक्त भइने जनविश्वास पनि रहेको छ । धार्मिक दृष्टिले मात्र नभई, वैज्ञानिक तबरबाट पनि माघे सङ्क्रान्तिलाई उत्तिकै महत्त्वपूर्ण मानिएको छ । धार्मिक रूपले यस दिन कुनै मानिसले घर, आँगन र आफ्नो शरीर शुद्ध बनाउन सकेन भने सात जन्मसम्म पनि ऊ निर्धन र रोगी हुन्छ भन्ने मान्यता छ, त्यस्तै वैज्ञानिक दृष्टिकोणले हेर्दा पनि यस पर्वमा परम्परा र संस्कार जीवन्त तुल्याउन गरिने सम्पूर्ण कार्यबाट मानिसको सरसफाइ हुने, मौसमअनुरूपका पोषक चिजबीज खाइने तथा निरोगी भइने हुनाले यो सकारात्मक नै देखिन्छ । माघे सङ्क्रान्तिलाई हाम्रो देशमा थरिथरिका जनजातीले किसिम-किसिमले मनाउने चलन छ, यस आलेखमा हाम्रो देशका बेग्लाबेग्लै ठाउँमा बसोबास गर्ने भिन्नभिन्न जनजातिसँग रहेको यस पर्वको सम्बन्ध र त्यसले सञ्चरण गर्ने एकता र सद्भावको सन्देशलाई समेट्ने प्रयास गरिएको छ ।

**काठमाण्डौ उपत्यका**

काठमाडौं उपत्यकामा सबै भागका जनताको उपस्थिति पाइन्छ । यद्यपि यहाँका रैथाने भनेका नेवार जनजातिका मानिसहरू हुन । नेवार समुदायमा विशेष किसिमको एउटा खाद्यवस्तुको नामबाट यस पर्वको नामकरण गरिएको छ । नेवारहरू यस पर्वलाई 'घ्यूचाकु सँल्हु' भन्दछन । यस दिन उनीहरू चाकुमा तिल मिसाएर लड्डु बनाई खाने र दान दिने काम गर्दछन् । बिहानै उठेर स्नान गरि घरको सम्पूर्ण भाग सरसफाई गर्ने, देवी देवताको पूजा गर्ने, चोखोनितो गरेर विभिन्न परिकारहरू तयार पार्दछन् र घरपरिवारका सम्पूर्ण मानिस जम्मा भएर मिठामिठा परिकारको स्वादमा रमाउँदै, घाम ताप्दै एक आपसमा दुःखसुखका गफमा रमाउँदै, भजनकीर्तन गर्दै यस पर्वलाई मनाउने गर्दछन् । यसै दिन भक्तपुर जिल्लाको टौमढी टोलमा तिलमाधव नारायणको मन्दिरमा मेला लाग्ने र दीपङ्कर बुद्धको पूजा हुने गर्दछ । तिलमाधव नारायणको मन्दिरमा चढाइएको घिउ सन्तान नभएका महिलाले नुहाइधुवाइ गरी शुद्ध भई खाएमा सन्तान प्राप्ति हुने विश्वास गरिन्छ । माघे सङ्क्रान्तिका दिन नारायणको मूर्तिभरि घिउ दलेर तिल चढाउने र उक्त घिउ-तिल चार दिनपछि झिकेर मन्दिरमा आउने भक्तजनलाई प्रसादका रूपमा वितरण गर्ने परम्परा छ । त्यस्तै उपत्यका नजिकैको पनौतीमा मकर मेला लाग्छ । लिच्छविकालीन राजा मानदेवको पालादेखि नै सुरू भएको अनुमान रहेको यो मेलामा असंख्य भक्तजनको जमघट हुने गर्दछ ।

**इलाममा माईबेनी मेला**

माघे सङ्क्रान्तिका दिन इलाम जिल्लाको माईबेनीमा मेला लाग्छ । सदरमुकामबाट तीन किलोमिटर पूर्वमा रहेको माईखोला र जोगमाई खोलाको दोभानमा लाग्ने उक्त मेलामा हजारौं भक्तजनको घुँइचो लाग्नुका साथै मित्रराष्ट्र चीन र भारतका व्यापारीहरूले समेत मेलामा पसल राख्ने गरेकाले मेलाको व्यापारिक महत्व छ । उक्त मेलामा धान नाच, चण्डी नाच, बालन, संगिनी, मारूनी नाच जस्ता परम्परागत नृत्य हेर्न पाइन्छ ।

झापामा कन्काई मेला

यसैगरी माघे सङ्क्रान्तिका दिन झापा जिल्लाको प्रसिद्ध धार्मिक नदी कन्काईमा हिन्दू धर्मावलम्बीले मकर स्नान गर्छन् । सङ्क्रान्तिदेखि पाँचदिनसम्म कन्काई नदीको वरिपरि रमाइलो मेला लाग्ने गरेको छ । कन्काई नदीलाई भगवती माईदेवीका रूपमा मान्ने गरिएको हुँदा आफ्नो मनोकांक्षा पूरा गर्न भाकल गर्ने नेपालको पूर्वी क्षेत्र तथा भारतको सिलिगुडी, दार्जिलिङ र सिक्किम क्षेत्रका नेपालीभाषी भारतीय पनि कन्काई नदीमा आएर मकर स्नान गरी पूजाआजा गर्ने, परेवा उडाउने र बत्ती बाल्ने गर्छन् ।

**सुनसरी बराहक्षेत्रमा मेला**

सुनसरी जिल्लाको प्रसिद्ध धार्मिक तीर्थस्थल बराहक्षेत्रमा माघे सङ्क्रान्तिका दिन बिहानैदेखि हजारौं हिन्दू धर्मावलम्बीले स्नान गरी भगवान विष्णुको पूजा आराधना गर्छन् । हिन्दू धार्मिक विश्वासका आधारमा उक्त स्थानमा त्यस दिन मकर नुहाई शरीर स्वच्छ बनाएमा मोक्ष पाउने विश्वास गरिन्छ ।

पूर्वी तराईमा संक्रान्ति

यस पर्वलाई तराईका जिल्लाहरूमा मैथिलीले तिला सङ्क्रान्ति पर्वका रूपमा मनाउँछन् । यस पर्वमा परिवारका अग्रज र आमा-बाबुले आफ्ना सन्ततिलाई सख्खर र तिल खुवाई उनीहरूबाट बुढेसकालमा सेवा गर्नुपर्ने बचन लिने गर्छन् । तराईमा यस दिन खिचडी, तिल र चिउराका लड्डुलगायतका परिकार बनाएर खाने गरिन्छ । यी परिकार पूजापाठ गरी सर्वप्रथम घरका देवदेवीलाई चढाइन्छ । मिथिलाञ्चलमा भक्तजनले माघे सङ्क्रान्तिका दिन बिहानै चोखो भई प्रसन्न मुद्रामा भगवती मन्दिरका प्रवेशद्वार तथा आ-आफ्नो घर-आँगनमा कमलको फूलजस्तै चित्र बनाई श्रृङ्गार गर्छन् । कतिपय धर्मावलम्बीले बिहान नुहाएर भगवतीको उपासना गर्ने र कतिपयले भगवतीको प्रतिमासामु तेल, चामल, सख्खर आदि चढाएर आफूभन्दा कान्छो मानिसको हातमा दिने चलन छ । धार्मिक मान्यताअनुसार भगवान र भगवती दुवैलाई सम्मान र श्रद्धाका साथ पूजाआजा गरी भगवतीलाई सिन्दूर, चुरा र तिलको लड्डु चढाउने गरिन्छ भने भगवानलाई मिठाई, फलफूल र तिलको लड्डु अनिवार्य रूपमा चढाई खिचडीको भोग लगाइन्छ । यस पर्वमा खिचडी खान अनिवार्य भएकाले यसलाई खिचडी पर्व पनि भनिन्छ । यो पर्वमा ब्राह्मण भोजनको पनि व्यवस्था गरिन्छ । ब्राह्मणलाई दान गर्नका लागि तिल तथा सख्खरबाट बनाइएको लड्डुको प्रयोग गरिन्छ । यस पर्वमा तिल तथा चिउराको प्रयोग अत्यधिक हुने भएकाले यसलाई तिलवाच्युरा पनि भन्ने चलन छ । यसबाहेक चामल, खिचडीका सामग्रीहरू जस्तै मासको दाल, अरवा चामल, नुन, बेसार, तरकारी, घिउ र दही दान गरिन्छ । कतिपय सम्पन्न व्यक्तिले जुत्ता, छाता, ठूलो रूमाल र कम्बल पनि दान गर्छन् । उक्त दान आफ्ना लागि वा पितृहरूका लागि पनि दान गर्ने परम्परा रहिआएको छ । खासगरी मैथिल महिलाका लागि तिला सङ्क्रान्ति पर्वको अझ बढी महत्व छ । यसै दिनदेखि कन्याहरू सुयोग्य वर प्राप्तिको कामनाले तुसारी पर्व मनाउन थाल्छन् भने विवाहित महिला पृथ्वी पर्व मनाउने गर्छन् । यस पर्वमा नवविवाहित दुलहाको घरबाट दुलहीको माइतमा तिल वा चिउराको कोसेली र जाडोमा लगाउने लुगा पठाइ दिने परम्परा पनि छ । यस प्रथालाई मैथिलीमा जडाउर भनिन्छ । धेरैजसो मिथिलावासी यसै दिनदेखि माघ स्नान सुरू गर्छन्, अर्थात् माघ महिनाभर एकाबिहानै नुहाएर घिउखिचडी खान्छन् ।

**तारूका गोरू मेला**

नुवाकोटको तारूकामा प्रत्येक वर्ष माघ १ गते वा माघे सङ्क्रान्तिका दिन भव्य रूपमा आयोजना गर्ने गरिन्छ । यो मेला अन्तर्गत तारुका गाविस वडा नं. ५ चन्दनी गाउँ रहेको एक बारीको ठूलो पाटोमा गोरूहरू जुधाउने गरिन्छ । यस गोरु जुधाइ मेलाले नुवाकोट जिल्लाको सदरमुकाम विदुरदेखि २२ किलोमिटर दुरीमा रहेको तारुका गाविसको छुट्टै ऐतिहासिक महत्त्व बोकेको छ ।

**पश्चिम नेपाल**

दैलेख लगायत पश्चिम नेपालका अधिकांश जिल्लाहरूमा यो पर्व मनाउने छुट्टै परम्परा रहेको छ । यस क्षेत्रमा मकर सङ्क्रान्तिलाई चेलीत्यार भनिन्छ । चेलित्यार भन्नाले चेलीको तिहार भन्ने बुझिन्छ । यस क्षेत्रमा पुस मसान्तका दिनमा तरुल खनेर ल्याइन्छ । पुस मसान्तको राति तरूल, बाबर (सेलरोटी), पकाएर पहिले कागको लागि छुट्याएर पछि घरपरिवारले खाने गरिन्छ । राति पानीको मुहान अथवा पँधेरो नजिकै मुढाहरूको थुप्रो बनाएर आगो लगाइन्छ । गाउँका बुढा बुढी तन्नेरी तरुनीहरू मुढाको आगो ताप्न भेला हुन्छन् । मुढा ताप्ने थलामा रात भर कसैले देउडा लगायत विभिन्न नाचगान गर्छन् भने कसैले गाउँ खाने कथा, दन्तेकथा गरेर रात काट्छन् । बिहान भएपछी नुहाएर सबै भन्दा पहिले कागलाई बोलाएर खाना दिने चलन छ । कागलाई बोलाउँदा केटाकेटीहरू "कौवा का का, बाबर खा खा" भनेर बोलाउछन् । त्यस पछि दिनमा सेल रोटी र तरुलका पोका बनाएर चेलीहरूलाई बाँडेने चलन छ । माइतमा बसेका चेलीहरूलाई गाउँमै पोका बाँडेर पोइल गइसकेका चेलीहरूलाई पनि पोका पुगाउन जाने चलन छ । यदी मकर सङ्क्रान्तिको दिन आफ्नो चेलीलाई पोका दिन सकिएन भने माघको महिना भित्रै कुनै पनि दिनमा एक पटक चेलीलाई सेलरोटी र तरुलको पोका बनाएर पुगाउने चलन छ । चेलीहरू पनि माघको महिना माइतीहरू आउने बाटो हेर्दछन् । यस्तै भारतको कुमाउँमा यस पर्वला घुघुती को त्यार भनिन्छ । घुघुती भनेको एक प्रकारको परिकार हो । गहुँको पिठोलाई गुडको पानिमा मुछेर घुघुती बनाएर घाममा सुकाइन्छ । राति घुघुतीलाई तेलमा तलेर पकाइन्छ । यहाँ पनि पश्चिम नेपाल जस्तै बिहान कागलाई बोलाएर घुघुती खान दिने चलन छ ।

**रिडी**

चर्चित माघे सङ्क्रान्ति मेला रूरू क्षेत्र रिडीमा तीन दिनसम्म लाग्छ । धेरै भक्तजनको उपस्थिति रहने उक्त मेला जेठी, माईली र कान्छी सङ्क्रान्तिका रूपमा तीन दिन लाग्ने गरेको हो । मेलाको पहिलो दिन बिहानैदेखि कालीगण्डकी नदीमा स्नान गरी हृषिकेश मन्दिरमा पूजाअर्चना गर्नेको घुइँचो लाग्छ । कालीगण्डकी नदीमा स्नान गरी हृषिकेशको दर्शन गर्दा चार धाम गए बराबरको पुण्य प्राप्त हुन्छ भन्ने विश्वासले पनि पश्चिम नेपालका विभिन्न जिल्लाका साथै भारतका विभिन्न स्थानबाट समेत भक्तजन उक्त मेलामा आउँछन् । ऐतिहासिक एवं धार्मिक दृष्टिकोणले महत्वपूर्ण तानसेन बजारदेखि ३६ किलोमिटर दक्षिण-पश्चिममा पर्ने गुल्मी, पाल्पा र स्याङजा जिल्लाको सङ्गमस्थलबाट बग्ने पवित्र कालीगण्डकी नदी र गण्डकीको तिरमै पुरानो हृषिकेश मन्दिर छ ।

**देवघाट**

देवघाटमा हरेक वर्ष लाग्ने मकर सङ्क्रान्ति मेला बाँसको लिंगो गाडेर शुभारम्भ गरिन्छ । भारतको इलाहावादको प्रयागभन्दा विशिष्ट र हरिद्वार, ऋषिकेशको तुलनामा निकै मनोरम र ठूलो महत्व बोकेको देवघाटमा माघे सङ्क्रान्तिमा स्नान गर्न स्वर्गबाट देवता आउने जनविश्वास छ । धार्मिक र पर्यटकीय महत्व बोकेको देवघाटमा तीन दिन मेला लाग्छ । मेलासँगै गलेश्वर आश्रममा लक्ष्यहवन गरिन्छ ।

**थारू समुदाय**

माघीलाई थारूहरूको मौलिक संस्कृतिले भरिएको सबैभन्दा ठूलो पर्वको रूपमा लिइन्छ । यो पर्व माघी पर्वका रूपमा बडो उत्साहका साथ मनाइन्छ। यस समुदायमा मासको दाल र चामल मिसाइएको खिचडी (माघी) खाने चलन छ। माघे सङ्क्रान्तिको अघिल्लो दिन अर्थात् पुसको अन्तिम दिन घर घरमा सुँगुर काट्ने चलन छ, जसलाई 'जिता मरना दिन' भनिन्छ । पुस मसान्तमा घरघरमा सुँगुरको मासु, ढिकरी -पिठोको एक परिकार), माछालगायतको परिकार बनाएर जाँड-रक्सीको साथ खानपिन गरेर रातभर नाचगानका साथ रमाइलो गर्ने प्रचलन छ ।

यतिबेला 'सखियै हो, माघीक पिली गुरी जाँर' भन्ने गीत सबैको मुखमा झुण्डिएको हुन्छ । माघीमा गाइने गीतलाई 'धमार' भनिन्छ । माघीमा नाचिने विशेष मघौटा नाच अघिपछि पनि लोकप्रिय छ । माघे सङ्क्रान्तिको दिन बिहान सबै जना नजीकैको खोलानालामा नुहाउन जाने चलन छ । यसलाई 'माघ लहान' भन्ने गरिन्छ । नुहाइसकेपछि घरमा आई दाल, चामल, नून छोएर आफूभन्दा ठूलालाई ढोग गरी आशीर्वाद लिइन्छ । माघको दोस्रो दिन खिचडी बनाई खाने चलन रहेको छ । यो दिनलाई 'खिचरहवा' भनिन्छ ।


सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ ।

वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

मिन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ